का.जि.प्र.का.द.नं. १००/०५९/६०

□ वर्ष १९, अंक २२५
□ १३ असोज २०७८, बुधबार
□ 29 September 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १६ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



डोल्पोबुद्ध गाउँपालिका-६ सिमेन गाउँका किसान । तस्वीरः रासस

## माथिल्लो अरुणमा विश्व बैंकको सहयोग

विश्व बैंकले सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको हो । यो आयोजनाबाट वार्षिक साढे चार अर्ब युनिट विद्युत उत्पादन हुनेछ ।

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ असोज १२ ।

अन्तर्राष्ट्रिय दातृ संस्था विश्व बैंकले १०६१ मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजनामा ८० अर्ब रुपैयाँ लगानी गर्ने भएको छ । उक्त आयोजना निर्माणका लागि एक खर्ब ६० अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । त्यसको रकम विश्व बैंकले सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको हो । यो आयोजनाबाट वार्षिक साढे चार अर्ब युनिट विद्युत उत्पादन हुने भएको छ ।

पाँच दिने नेपाल भ्रमणमा आएका दक्षिण एसियाका लागि विश्व बैंकका उपाध्यक्ष हार्टविग सेफरले उक्त आयोजनामा लाग्ने रकमको आधा बेहोर्न तयार रहेको जानकारी दिएपछि सरकारी अधिकारी उत्साहित भएका छन् । नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको यो आयोजनामा जनताको जलविद्युत कार्यक्रम अन्तरगत ५१ प्रतिशत प्राधिकरण र ४९ प्रतिशत बाँकी पृष्ठ २ मा

## शक्ति सन्तुलन नमिल्दा अन्योल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज ।

डा.नारायण खड्का परारष्ट्र मन्त्री नियुक्त भएको एक साता हुनलाग्दा समेत प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् । मंगलबार पनि मन्त्रिपरिषद् बिस्तार केन्द्रीत छलफल भयो । तर साँझसम्म प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकेनन् । तत्कालै मन्त्रिपरिषद् बिस्तार गर्ने सहमति सहित प्रधानमन्त्री देउवाले ६ असोजमा खड्कालाई परराष्ट्र मन्त्री नियुक्त गरेका थिए ।

खड्का तेस्रोपटकको मन्त्रिपरिषद् बिस्तारमा परेका हुन् । गएको १० साउनमा उमेश श्रेष्ठलाई प्रधानमन्त्री देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका थिए । त्यसअघि २९ असारमा प्रधानमन्त्री देउवासँगै बालकृष्ण खाँण गृह, जनार्दन बाँकी पृष्ठ २ मा

# नेतृत्व नछोड्न पार्टी विभाजन !



नेकपा एमालेका अध्यक्षका अध्यक्ष केपी शर्मा ओलीले पार्टी अध्यक्षमा फेरि दोहोरिने सन्देश दिएका छन् । राजधानीमा पत्रकार सम्मेलन गरी ओलीले कक्षा नदोहोऱ्याउने बताउने ओलीले फेरि पार्टी प्रमुख दोहोरिने प्रष्ट पारेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले फेरि अध्यक्ष दोहोऱ्याउने सन्देश दिएका छन् । मंसिर १०-१२ मा दशौं महाधिवेशनको तयारी गरिरहेका अध्यक्ष ओलीले फेरि पनि नेतृत्व नछोड्ने सन्देश दिएका हुन् । पार्टी अध्यक्ष र प्रधानमन्त्री नदोहोऱ्याउने ओलीले सार्वजनिक अभिव्यक्ति दिने गरेका थिए । अध्यक्ष ओलीले पार्टी नेतृत्वमा पुग्न एकपटक मात्रै एउटा पदमा रहने बताउने गरेका थिए ।

नेतृत्व हस्तान्तरणको एजेण्डा सहित ओलीले नवौं महाधिवेशनमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई पराजित गरेका थिए । एकपटक मात्रै अध्यक्ष र प्रधानमन्त्री बन्ने बचन गरेकाले वामदेव गौतम र ईश्वर पोखरेलको साथ पाएर एमाले संसदीय दलका नेता र अध्यक्ष निर्वाचित भए । त्यसबेला गौतमलाई प्रधानमन्त्री बनाउने प्रस्ताव गरेका थिए । तर जब २०७२ मा प्रधानमन्त्रीको अवसर आयो, ओली आफै अगाडि बढे । फेरि २०७४ को निर्वाचनमा एमालेले सरकार बनाउने अवसर पायो । गौतम भने प्रतिनिधिसभा निर्वाचनमा पराजित भए ।

गौतमले ओलीको असहयोगकै कारण आफू पराजित भएको बताउँदै आएका छन् । वाम गठबन्धनको उम्मेद्वारका रुपमा पराजित हुने गौतम उच्च तहका नेता थिए । यसपछि ओली फेरि प्रधानमन्त्री बने । गएको ३० वैशाखमा सहित ओली तेस्रो पटक प्रधानमन्त्री बने ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग हुँदै पुष्पकमल दाहाल प्रचण्ड माओवादी केन्द्रका बाँकी पृष्ठ २ मा


## WANTED

*A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

1) Accountant -1 F
2) Documentation -2 M/F
3) Public Relation Officer 2 - M

Salary Negotiable

**Note: 2 years experienced in manpower field.*

**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu | Phone No: 01-5382300, 5382303
Email: info@liverpoolhrsolution.com

## WANTED URGENTLY

For a Reputed Manpower Company

| | | |
|---|---|---|
| PRO | - | 5 - Male/Female |
| Office Manager | - | 1 - Male/Female |
| Documentation Officer | - | 3 - Male/Female |
| Receptionist | - | 2 - Female |

Min. 3 yr experienced.
Salary - Negotiable + Benefits

Purano Baneswor, Ktm. Ph: 4484798, 9860179139


## सचिव गौतमले फेरि भने–

# ‘व्यवसायीले एक महिनाको तलब बराबरको सेवा शुल्क लिने व्यवस्था ठीक हुन्छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सुर्य प्रसाद गौतमले वैदेशिक रोजगार व्यवसायीले लिने सेवा शुल्क परिमार्जन गर्न सबै पक्षाले हिम्मत गर्ने बेला आएको दोहोऱ्याएका छन् । वैदेशिक रोजगार पत्रकार समाजको नवनिर्वाचित कार्यसमितिलाई मन्त्रालयमा स्वागत गर्दै उनले उक्त धारणा दोहोऱ्याएका हुन् ।

यसअघि प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको गत शुक्रबार बसेको बैठकमा सेवा शुल्क १० हजार तोकिएका मुलुकमा रोजगारीमा पठाउँदा नागरिक र सरकार दुबै ठगिएको सचिव गौतमले बताएका थिए । मंगलबारको भेटमा पनि सचिव गौतमले सेवा शुल्क परिमार्जन पछि वैदेशिक रोजगारलाई व्यवस्थित गर्न सहज हुने बताए ।

उनले भने, ‘सरकारलाई तोकिएको रकम कागजातमा देखाइने गरिए पनि वैदेशिक रोजगार व्यवसायीहरूले त्योभन्दा बढी रकम लिइरहेका छन् । एकातिर देखाउने रकम कम भएकाले राजस्वमा कमी हुने र अर्कातिर नागरिकसँग प्रमाण नहुने हुँदा ठगी वा मर्कामा पर्दासमेत न्याय पाउन गाह्रो भएको छ ।’

सचिव गौतमले सेवा शुल्क परिमार्जन गर्दा कामदारले पाउने एक महिनाको तलब बराबरको लिन पाउने व्यवस्था गर्नु उचित हुने पनि बताए । उनले भने, ‘अरु कतिपय देशमा जस्तै श्रमिकको एक महिनाको तलब सेवा शुल्क लिने गर्दा ठीक हुनेछ । एक



महिनाको तलब बराबरको सेवा शुल्क वैधानिकरूपमा लिन पाउने व्यवस्था भए व्यवसायीले सकेसम्म धेरै तलबको डिमाण्ड खोज्न उत्प्रेरित हुनेछन्, त्यसले न्यून तलबमा कामदार पठाउने हालैको बाध्यता पनि अन्त्य गर्न सहयोग गर्नेछ ।’


त्यस अवसरमा उनले नेपाली कामदार जापान पठाउने निर्देशिका छिट्टै पारित हुने, दक्षिण कोरियासँगको श्रम सम्झौता नवीकरण गर्ने तयारी रहेको भन्दै कोरिया र नेपालबीच सिधा उडान र नेपाली कामदारको क्वारेन्टिन बसाइको समस्या समाधान हुनासाथ नेपाली कामदार दक्षिण कोरियाको रोजगारीमा जान पाउने बताए ।

अदक्ष कामदार गइरहेको कतारमा सरकारी कोटामा कामदार पठाउँदा उनीहरू सुरक्षित हुने र तलब पनि आकर्षक पाउने भएकाले कतार प्रहरीको डिमाण्ड प्रमाणीकरणको अनुमति दिइएको भन्दै उनले कतार प्रहरीमा नेपाली पठाउन म्यानपावर कम्पनी स्वतन्त्र रहेको बताए । ‘केही अनियमितताको समाचार आएका छन्, त्यसमा मन्त्रालय सचेत छ,’ सचिव गौतमले भने ।

सचिव गौतमले वैदेशिक रोजगारको सुधार, आन्तरिक रोजगारी तगा सीप वृद्धि, सामाजिक सुरक्षा कोषमा आवद्वता र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी सिर्जना गरी बेरोजगार समस्याको समाधान मन्त्रालयको प्राथमिकतामा रहेको जानकारी दिए । उनले इजरायलमा कामदार पठाउने क्रमलाई तीव्ररूपमा अघि बढाइएको र परिणाम पनि सोही अनुसार आएको भन्दै मन्त्रालयले अन्य कामहरूलाई पनि तिव्रताका साथ लैजाने बताए ।

### वैदेशिक रोजगार विशेष

## संघद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अमेरिकन कम्पनी मकानाबाट सहयोग स्वरूप प्राप्त करिब ६० लाख बराबरको स्वास्थ्य सामग्री स्वास्थ तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण गरेको छ । चिकित्सक तथा स्वास्थ्यकर्मीहरूका लागि प्रभावकारी ठानिएका अत्याधुनिक मास्क संघका स्वर्गीय अध्यक्ष विष्णु प्रसाद गैरेकी धर्मपत्नी लक्ष्मी गैरेले स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठलाई हस्तान्तरण गरिन् ।

संघले स्वास्थ्य मन्त्रालयलाई प्रदान गरेको ५ सय थान मास्कको मुल्य करिब ६० लाख बराबर रहेको महासचिव सुजित कुमार श्रेष्ठले जानकारी दिए । संघले मंगलबार नै प्रहरी अस्पताललाई सय थान र शिक्षण अस्पताल तथा मनमोहन मेमोरियल टिचिङ अस्पतालमा करिब दुई सय थान मास्क वितरण गरिएको महासचिव श्रेष्ठले बताए । गैरसरकारी संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत अत्याधुनिक मास्क वितरण गरिएको उनले बताए । बाँकी पृष्ठ २ मा


## कुवेतमा SECURITY GUARD को लागि रोजगारको अवसर

कम्पनी : AMANKO SECURITY COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ — चलानी नं.: ६०१६४१५२ — LT. No.: 247035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 250 | 0 | स. काममा दक्ष | 125 | ४८,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

★ अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र उचाई ५ फिट ५ इन्च वा सो भन्दा माथि हुनुपर्नेछ ।
★ *Civil Security Guard, Ex Army, Ex-Police, GCC Return* र *Malayasia Return* हरूलाई विशेष प्राथमिकता दिइनेछ ।

Vaccinated कामदारहरूलाई तुरुन्त उडान गराइने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं, बाजेको सेकुवा कर्नर, पोखरा कास्की, होटेल सेन्टर्ल पोइन्ट, झापा बिर्तामोड र सिद्धार्थ कटेज एण्ड रेष्टुरेन्ट, बुटवल रूपन्देहीमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# गृहमन्त्रीको निर्देशन– जनतालाई मुस्कुराएर सेवा दिनुस्

**सानुराज डंगोल/मध्यान्ह**
काठमाडौं, १२ असोज

गृहमन्त्री बालकृष्ण खाँणले आम नागरिकलाई अनुभूति हुने गरी चाडपर्वको समयमा सुरक्षा व्यवस्था र बजार व्यवस्थापन गर्न सरोकारवाला निकायलाई निर्देशन दिएका छन् । उपत्यकाको सुरक्षा व्यवस्था तथा बजार व्यवस्थापनबारे उपत्यकाका तीन जिल्लाका प्रमुख जिल्ला अधिकारी, महानगरीय प्रहरी परिसर प्रमुख र महानगरीय ट्राफिक प्रहरी महाशाखा प्रमुखलाई गृहमन्त्री खाँणले निर्देशन दिएका हुन् ।

मन्त्री खाँणले परिवर्तनको परिणाम देखिने गरी काम गर्न र जनतालाई मुस्कुराएर सेवा दिन निर्देशन दिए । 'अहिले सामान्य अवस्थामा जस्तै चाडपर्वमा पनि सुरक्षा व्यवस्था तथा बजार व्यवस्थापन सहज हुनुपर्‍यो । नागरिकले महँगी, म्याद गुज्रेका खानेकुरा खाने अवस्था आउन भएन,' मन्त्री खाँणले भने, 'अहिले जस्तो अवस्था छ, त्यस्तै अवस्था रहनुपर्‍यो र चाडपर्वमा परिवर्तन देखिनुपर्‍यो ।'

बैठकमा काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्द रिजाल, ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय र भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले चाडपर्व लक्षित सुरक्षा योजना र बजार व्यवस्थापनबारे योजना प्रस्तुत गरेका थिए ।

यस्तै महानगरीय प्रहरी परिसर काठमाडौँका प्रमुख, प्रहरी बरिष्ठ उपरीक्षक (एसएसपी) अशोक सिंह, महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख एसएसपी किरण बज्राचार्य र महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख, प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठ, महानगरीय ट्राफिक महाशाखा प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) जनकराज भट्टराईले ट्राफिक व्यवस्थापनबारे कार्ययोजना प्रस्तुत गरेका थिए ।



मन्त्री खाँणले ती योजना सुनेपछि योजनालाई व्यवहारमा कार्यान्वयनमा ध्यान दिन आग्रह गरेका थिए । उनले सरकार नागरिकलाई परिवर्तनको अनुभूति दिलाउन लागिरहेको भन्दै त्यस कार्यमा सहयोग गर्न कर्मचारी र प्रहरी अधिकारीहरूलाई आग्रह गरे ।

मन्त्री खाँणले आफूले जिल्लामा जानेबेला गर्छु भनेका काम इमान्दारिताका साथ पूरा गर्न पनि निर्देशन दिए । मन्त्री खाँणले भने, 'यहाँहरूले अहिले बैठकमा सुनाएका चाडपर्व लक्षित योजना राम्रा छन् । योजनामात्रै राम्रा भएर भएन । ती योजना व्यवहारमा कार्यान्वयन गर्नुहोला ।'

# परराष्ट्रमन्त्री खड्काको शपथ बदरको माग गर्दै सर्वोच्चमा रिट



**विष्णु लक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १२ असोज

परराष्ट्रमन्त्री नारायण खड्काको शपथ गैरकानूनी भएको भन्दै बदरको मागसहित सर्वोच्चमा रिट परेको छ । अधिवक्ता विशाल न्यौपानेले खड्कालाई कानूनी व्यवस्थाबिनै शपथ गराइएको जिकिर गर्दै शपथ बदरको माग गरेका हुन् । कानूनी व्यवस्था गरेर शपथ नलिएसम्म खड्कालाई परराष्ट्रमन्त्रीको हैसियतमा काम नगर्न/नगराउन रिटमा अन्तरिम आदेश मागिएको छ ।

केपी ओली नेतृत्वको सरकारले जारी गरेको शपथसमबन्धी अध्यादेश २०७८ संसदबाट पारित नभएकाले स्वतः निष्क्रिय भएको अवस्थामा कानूनको अभावमा शपथ लिनु कानूनी राज्यको प्रतिकूल हुने रिटमा दाबी गरिएको छ ।

'संविधानको धारा ८० बमोजिम सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पद तथा गोपनीयताको शपथ लिएको भनिएकोमा संवैधानिक प्रावधान बमोजिम धारा ८० भनिएता पनि उल्लेखित धारा अनुसार संघीय कानूनबमोजिम हुनुपर्नेमा कुनै पनि कानूनी व्यवस्था नगरी अथवा कानूनी स्रोतको अभावमा पद तथा गोपनीयताको शपथ गराइएको हुनाले उक्त गैरसंवैधानिक शपथ बदर गरी शपथसम्बन्धी कानून निर्माण गरी सोहीबमोजिम शपथ ग्रहणका लागि यो निवेदन लिई उपस्थित भएको छु,' न्यौपानेको रिटमा भनिएको छ ।

रिटमा अगाडि भनिएको छ, 'यो मुद्दाको अन्तिम टुंगो नलागेसम्मको लागि मिति २०७८/०६/०६ मा नियुक्त परराष्ट्र मन्त्री नारायण खड्कालाई परराष्ट्र मन्त्रीको हैसियतमा संविधान बमोजिम कानून बनाई सपथ ग्रहण नलिएसम्म मन्त्रीको हैसियतले काम नगर्नू/ नगराउनू र संविधानको धारा ८० बमोजिम संघीय कानून निर्माण नगरी कसैलाई पनि मन्त्रीको हैसियतले सपथ ग्रहण नगर्नू/नगराउनू भनी अन्तरिम आदेश जारी गरी पाऊँ ।' नेपालको संविधानको धारा ८० मा प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष शपथ लिनुपर्ने व्यवस्था गरेको छ । यस्तै राज्यमन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानून बमोजिम पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ । ओली सरकारले ल्याएको शपथ सम्बन्धी निष्क्रिय भएपछि शपथ कानून थिएन । मन्त्रीको शपथ विवादित भएपछि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले शपथ सम्बन्धी विधेयक सदनमा पेशका लागि स्वीकृति दिने निर्णय गरेको थियो ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले खड्कालाई परराष्ट्रमन्त्रीमा नियुक्त गरी भदौ ६ मा पद तथा गोपनीयताको शपथ गराएकी थिइन् । रिटमाथि बुधबारका लागि पेसी तोकिएको सर्वोच्च प्रशासनले जानकारी दिएको छ ।

# परीक्षण गरिएकामध्ये ८.३ प्रतिशतमात्रै संक्रमण

**काठमाडौं/मस–** नेपालमा सेप्टेम्बर महिनामा कोरोना भाइरसको संक्रमण दर ८.३ प्रतिशतमात्र रहेको पाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले कोरोना परीक्षण गरिएकोमध्ये सेप्टेम्बर महिनामा ८.३ प्रतिशतमा मात्र संक्रमण रहेको पाइएको जानकारी दिए । मंगलबार १४ हजार तीनमा कोभिड-१९ परीक्षण गर्दा एक हजार १५८ मा संक्रमण पाइएको थियो ।

उनका अनुसार अघिल्लो अक्टोबर महिनामा कूल परीक्षण गरिएकामध्ये १३.६ प्रतिशत रहेको थियो । एक महिनाको बीचमा संक्रमण दर ५.३ प्रतिशतले कमी आएको छ । यस्तै मन्त्रालयका अनुसार सेप्टेम्बर महिनामा पहिलो मात्रा ३१.३ प्रतिशत र पूर्णमात्रा २८.३ प्रतिशतले जनसंख्याले कोरोनाविरुद्धको खोप लगाइसकेका छन् ।

सरकारले यही असोज मसान्तभित्र ३३ प्रतिशत जनसंख्यालाई कोरोना भाइरसविरुद्धको खोप लगाउने लक्ष्य राखेको छ । यस्तै पुसमा दुई तिहाइ र चैत मसान्तसम्म सबै लक्षित नागरिकलाई खोप लगाउने सरकारको तयारी रहेको छ ।

यस्तै अक्टोबर महिनामा २४.५ प्रतिशत पहिलो मात्रा र २०.५ प्रतिशत जनसङ्ख्याले पूर्ण मात्राको खोप लगाइसकेका थिए । अहिलेसम्म एक करोड २ ९ लाख ५८ हजार ५०८ ले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेका छन् । मन्त्रालयले खोप लगाउन बाँकी उमेर समूहले आफ्नो पालोमा खोप लगाउन आग्रह गरेको छ ।

# ठगी मुद्दामा कानून व्यवसायी नै पक्राउ

चितवन/मस- जिल्ला प्रहरी कार्यालय चितवनले ठगी मुद्दामा एक जना कानून व्यवसायीलाई पक्राउ गरेको छ । कालिका नगरपालिका-५ पदमपुर बस्ने ५० वर्षीय अधिवक्ता रामचन्द्र देवकोटालाई पक्राउ गरेको हो ।

देवकोटाका विरुद्धमा उजुरी परेपछि प्रहरीले पक्राउ परेको हो । जिल्ला प्रहरी कार्यालय चितवनले आज जारी गरेको सूचनामा प्रहरीमा परेको उजुरी मिलाइदिन्छु भनी आठ जनासँग जनही रु तीन लाख माग गरेपछि उनीविरुद्ध प्रहरीमा जाहेरी परेको थियो । भरतपुर महानगरपालिका-३ बस्ने ४१ वर्षीय राहुल गुप्ताले ठगी उद्योगमा जाहेरी दिएका हुन् ।

## नेतृत्व..

अध्यक्ष भइसकेका छन् । एमाले विभाजन पछि माधव नेपालले नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् । यस्तो बेला ओली मंसिरमै महाधिवेशन गर्नेगरी अगाडि बढेका छन् । अझ रोचक त उमेर हद कायमै राखेर ओली महाधिवेशनको तयारीमा छन् । त्यसका लागि ओलीले ७० वर्ष पार नगरेको भनी परिभाषा पनि तय गरेका छन् । यसो गर्दा वामदेव गौतम एमालेमै रहेर ओलीसँग प्रतिशपर्धा गर्ने बाटो बन्द हुने छन् ।

ईश्वर पोखरेललाई ओलीले मनाइसकेको स्रोत बताउँछ । अर्थात् कक्षा नदोहोर्‍याउने भन्दै नेतृत्वमा पुगेका ओली कुनैहालतमा पार्टी नेतृत्व नछोड्ने तयारीमा जुटेका छन् । पत्रकारहरुसँग मंगलबार ओलीले भने, "मैले एउटै कक्षा दोहोर्‍याउँदिन भनेको हो । तर कक्षा भइञ्जेल दाहोर्‍याएर पढ्दिन भनेको हो । क्लास नै सकियो ? अब के गर्ने ? विद्याबारिधी सकिएपछि मान्छे नपढी बस्छ ?", अध्यक्षमा दोहोरिने ओलीको प्रष्ट सन्देश थियो ।

अर्थात् ओली पनि अन्य समकालीन नेताहरु जस्तै नेतृत्वमा सधैं रहिरहने बाटोतिर लागेका छन् । अनि प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल जस्तै ओलीले पनि नेतृत्वमा रहिरहन पार्टी विभाजनलाई सजिलो विकल्प मानेका छन् । किनकि पार्टी विभाजन भएका बेला पार्टीभित्र नेतृत्व परिवर्तनको आवाज कमजोर हुन्छ ।

## माथिल्लो ...

सर्वसाधारणको लगानी रहने भएको छ । नेपाल भ्रमणका क्रममा विश्व बैंकका उपाध्यक्ष सेफरले प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा लगायत उच्च अधिकारीहरुसँग भेट गरे । विश्व बैंकले लगानी गरेका विभिन्न आयोजनाहरुको भ्रमण गरेका सेफरले प्रस्तावित माथिल्लो अरूण जलविद्युत आयोजनाको निर्माणस्थल समेत निरीक्षण गरेका थिए । सेफरसँगै ऊर्जामन्त्री पम्फा भुसाल र प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि परियोजनाको निरीक्षण गरे ।

परियोजनाले २५ घर परिवार विस्थापित हुने देखिएको छ । ठूला आयोजना निर्माण हुँदा यति थोरै परिवार बिस्थापित हुने घटना विरलै मानिन्छ । त्यही कारण पनि यो आयोजना निर्माणको लागि विश्व बैंक उत्साहित भएको हुनसक्ने जलस्रोतविद्हरु बताउँछन् ।

उनीहरुका अनुसार, धेरै बस्ती प्रभावित हुने जलविद्युत आयोजनाहरुको निर्माणमा अधिकारवादी र विभिन्न स्वार्थी समुहहरुले पनि विभिन्न चलखेल गरेर आयोजनाको निर्माणमा अवरोध गर्दछन् । तर, जम्मा दुई दर्जन परिवार बिस्थापित हुने भएपछि त्यसमा चलखेल हुने संभावना खासै हुँदैन । त्यसमाथि ती २५ परिवारले आफूहरुलाई क्षतिपूर्ती दिए जुनसुकै बेला पनि त्यो ठाउँ छोड्न तयार रहेको बताइसकेका छन् ।

विश्व बैंकका उपाध्यक्ष सेफर, ऊर्जामन्त्री भुसाल र प्राधिकरणका कार्यकारी प्रमुख घिसिङ सहितको टोलीलाई पनि उनीहरुले आफूहरुलाई अन्यत्र स्थानान्तरणको व्यवस्था गरिदिएर आयोजना निर्माण प्रकृया तत्काल शुरु गर्न आग्रह गरेका थिए ।

उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) रिपोर्ट वन तथा वातावरण मन्त्रालयमा पठाइएको छ । मन्त्री नियुक्त भइसकेपछि अर्को सातासम्म उक्त रिपोर्ट स्वीकृत हुने आयोजनासँग सम्बन्धित अधिकारीहरुको अपेक्षा छ ।

## शक्ति...

शर्मा अर्थ, पम्फा भुसाल उर्जा र ज्ञानेन्द्रबहादुर कार्की उर्जा मन्त्री नियुक्त भएका थिए । २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो ।

उक्त परमादेशअनुसार प्रधानमन्त्री नियुक्त देउवाले ३ साउनको पहिलो प्रतिनिधिसभा बैठकमै विश्वासको मत पाए । देउवालाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एमाले र राष्ट्रिय जनमोर्चा गरी १६५ सांसदले विश्वासको मत दिएका थिए । जबकी संसदमा १३५ सांसद भए बहुमत पुग्ने थियो । एमालेका २२ सांसदले समेत विश्वासको मत दिएपछि देउवाले सहज बहुमत पाए । तर यो सहज बहुमत कायम राख्ने प्रयत्नकै कारण तीन महिना पुग्नलाग्दा पनि प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् । अझै १६ मन्त्रालय प्रधानमन्त्री देउवा आफैले चलाइरहेका छन् ।

यो बीचमा प्रधानमन्त्री देउवाले एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) गठनमा सहयोग गरे । राजनीतिक दल सम्बन्धी ऐन सम्बन्धी अध्यादेश ल्याएर केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत भएपनि विभाजनको मान्यता दिने अध्यादेश ल्याए । सोही अध्यादेशअनुसार एमाले र जसपा विभाजित भयो । विभाजित एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले वैधानिकता पनि पाइसकेका छन् ।

तर प्रधानमन्त्री देउवा र सत्ता साझेदार दलका शीर्ष नेताहरु अझैपनि मन्त्रिपरिषद् बिस्तारको खाँचो देखिरहेका छैनन् । जबकी कोरोना महामारीका कारण सिर्जित असमान्य परिस्थितिका कारण मुलुकलाई सामान्य कालमा फर्कन बलियो सरकार आवश्यक छ । तर दलहरु भने शक्ति सन्तुलन मिलाउन नसक्दा मन्त्रिपरिषद् बिस्तार गर्न सकिरहेका छैनन् ।

## संघद्वारा...

स्वास्थ्य सामग्री ग्रहण गर्दै राज्यमन्त्री श्रेष्ठले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई खोप र क्युआर कोडसहित कार्ड उपलब्ध गराउने काम मन्त्रालयको प्राथमिकतामा रहेको जानकारी दिए ।

यसअघि छाउनीस्थित आर्मी अस्पताल र नेपाल प्रहरी अस्पतालबाट दिइँदै आएको क्युआर कोड अब आयुर्वेद अस्पताल नरदेवी र हामियोप्थी अस्पताल पुल्चोकबाट पनि दिने निर्णय भएको राज्यमन्त्री श्रेष्ठले बताए । धुलिखेल अस्पताल, ग्राण्डी अस्पताल जनमैत्री अस्पताल र स्टार अस्पतालमा पनि केही दिनमा सेवा लैजाने पहल भएको राज्यमन्त्री श्रेष्ठको भनाइ छ ।

एक डोज लगाए पुग्ने जोन्सन एण्ड जोन्सन, कोभिशील्ड, एस्ट्राजेनिका खोप प्राथमिकतामा रहेको भन्दै राज्यमन्त्री श्रेष्ठले पीसीआर परीक्षण शुल्क घटाउँदै निःशुल्क गर्ने र आर्थिक गतिविधिमा संलग्न १८ वर्ष माथिल्लो उमेरका सबैलाई छिटोभन्दा छिटो खोप दिने योजना रहेको समेत सुनाए ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी : SANDWICH CART FOUNDATION FOR MEAL — शहर: DAMMAM
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०८५ — L.T. No.: 246949

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AMWAJ AL ARABA CAR MAINTENANCE WORKSHOP — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०८६ — L.T. No.: 246950

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | car Electrician Assistant | 1 | 0 | | 2000 | ६२,८४० | | | | | | | |

३. कम्पनी : RAGHIF AL BARAKAH FOR MEALS ESTABLISHMENT — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०८७ — L.T. No.: 246740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | स. काममा दक्ष | 2000 | ६२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : TAIF FARIS BIN FARRAJ AL DOSSARY BLOCK FACTORY — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०८८ — L.T. No.: 246733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AL MIRA CENTRE FOR TRADING CO.LTD — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०८९ — L.T. No.: 246735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Uploading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : AL MIRA CENTRE FOR TRADING CO.LTD — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०९० — L.T. No.: 246736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी : BORGIA FOOD COMPANY. — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०९१ — L.T. No.: 246739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Labor | 5 | 0 | | 1000 | ३१,४२० | | | | | | | |

८. कम्पनी : SAUD MANSUR MUTRIB AL JUBAIL CONT. EST. — शहर: SAUDI
पुर्व स्वीकृत मितिः २०७८/०६/११ — चलानी नं.: ६०१६४०९३ — L.T. No.: 246948

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ८ को रु.१०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591 9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com

## कतारमा रोजगारको अवसर

कम्पनी : TOURIST MARINE SERVICE — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ — चलानी नं.: ६०१६४२०९ — L.T. No.: 246491

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Weld Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 1 | 0 | | 1400 | ४५,३०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## कतारमा रोजगार

१. कम्पनी : MEDITERRANEAN CONTRACTING COMPANY (MCC) — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ — चलानी नं.: ६०१६४२१९ — LT. No.: 246320

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile maker | 5 | 0 | स. काममा दक्ष | 1400 | ४५,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL KASWA CONTRACTING W.L.L. — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ — चलानी नं.: ६०१६४२१८ — LT. No.: 246976

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

### सडक विभागको आलटाल र पुरातत्वको लापरबाही

# पाँच वर्षमा पनि बनेन सोह्रखुट्टे फल्चा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १२ असोज

काठमाडौंको सोह्रखुट्टेस्थित प्राचीन सम्पदा मन्द फल्चा (पाटी) १९ औं शताब्दीतिर बनेको हो । सो फल्चा सोह्रखुट्टेको नामले चर्चित छ । रत्नपार्क, लैनचौर, नयाँबजार रुटको गाडी चल्नेताका सहचालकले सोह्रवटा खम्बा भएकाले अपभ्रंस गरी सोह्रखुट्टे भनी नाम राखेकाले त्यस ठाउँको नाम सोह्रखुट्टे नै रहन गएको बताइन्छ । सो फल्चा २०७१ सालमा सडक विभागले सडक विस्तारका क्रममा पक्नाजोल जाने बाटो र लैनचौरबाट नयाँबजार जाने बाटो फराकिलो पार्दा पुर्णरुपमा मासियो । बीच बाटोमा फल्चा परेकाले दुबैतिरबाट च्याप्दा फल्चाको अस्तित्व नै मेटियो ।

स्थानीयहरु जागरुक बनी फल्चा नभत्काउन गरिएका प्रयासहरु पनि विफल भए । अहिले सो भत्काइएका फल्चाको ठाउँसँगै तल्लो भागमा टिनको पाताले बनाइएको अस्थायी ट्राफिक प्रहरी प्रभाग छ । सँगै अर्कोपट्टी स्थानिय व्यक्तिको घर छ । फल्चाको वास्तविक स्थान मासिइसकेको छ । तत्कालीन वडा अध्यक्ष मुकुन्द रिजालको नेतृत्वमा सो मन्द फल्चालाई दक्षिणतर्फ पारिपट्टि प्रहरी चौकी र बृद्धाश्रम बीचमा बनाउने खाका तयार गरिएको थियो । स्थानीय र सम्पदा संरक्षण महाअभियानका संयोजक याद्‌बलाल कायष्ठहरुले सो स्थानमा गहिती (गहिरो ढुङ्गे धारा) भएको स्थान माथि फल्चा बनाउन नपाउने र सो स्थानमा गहिती नै बनाउनुपर्ने भन्दै आन्दोलन नै गरे । त्यसपश्चात गहितीको स्थानमा गहिती नै बनाए र बृद्धाश्रमको सँगै मन्दिर अगाडि मन्द फल्चा बनाउन शुरु गरे र ७५ प्रतिशत काम सकाए । तर २५ प्रतिशत काम बाँकी हुँदा विवादमा अल्झियो । ४० दिनमा निर्माण सम्पन्न गरिसक्ने सम्पदा ४ वर्ष सम्म पनि सम्पन्न भएको छैन । सो मन्द फल्चा निर्माणका लागि सडक विभागबाट ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ ।

पहिलेको स्थानभन्दा दश मिटर पर

मन्द फल्चा पुरातात्विक हिसावले जहाँ थियो त्यहीँ नै बनाउनुपर्ने हो । तर सडक विभागको र तत्कालीन वडा अध्यक्ष मुकुन्द रिजालको लापरबाहीले गर्दा केही मिटर पर सारेर बनाउनु पर्ने स्थिति आयो । यो हुनुमा पुरातत्व विभागको लापरबाही, फितालो नीति र अनुगमन पनि मुख्य कारक हो । पहिलेको स्थानभन्दा दश मिटर पर सारेर बनाउँदा त्यसको महत्व त खस्किन्छ नै, ऐतिहासिक प्रमाण पनि नष्ट हुन्छ । पछि पुनर्निर्माणका लागि उत्खनन् गर्नुपर्दा पुरानो प्रमाणहरु केही भेटिँदैन । यस्तो गहन विषयमा पुरातत्व विभाग जस्तो संस्थाले लापरबाही गर्दा पुरातात्विक सम्पती नष्ट हुँदै गएको छ ।

पुरातत्वकै प्राचीन स्मारक संरक्षण ऐनमा सय वर्षभन्दा पुरानो संरचनालाई नोक्सान गर्न, तोडमोड गर्न नपाइने नियम छ । पुरातात्विक सम्पदालाई अन्य व्यक्तिले विनाश गर्न खोज्दा पुरातत्वले विरोध गर्नुपर्नेमा आफैं गैरजिम्मेवार भएको आरोप स्थानीयवासीको छ ।

प्राचीन सभ्यतामा जहाँ फल्चा (पाटी) हुन्थ्यो, त्यहीँ



हिती (ढुंगेधारा) पनि बनाइने चलन थियो । फल्चामा भरिया एवं बटुवाका लागि थकाई मार्ने गतिलो स्थान हुन्थ्यो भने त्यससँगै बनेको हितीले तिर्खा मेटाउने काम गर्थ्यो । त्यस्तै अप्ठेरो परे ढाक्रेहरु फल्चामै खाने सुत्ने चलन पनि थियो । सोह्रखुट्टेस्थित फल्चा र गाः हिटी पनि एकै समयमा निर्माण भएका हुन् । यसको ऐतिहासिक महत्व पनि उत्तिकै छ ।

मन्द फल्चा (सोह्रखुट्टे पाटी) ऐतिहासिक फल्चा हो । यहाँ भरिया बटुवाहरु बस्ने र थकाई मार्ने ठाउँ मात्र नभई नुवाकोटबाट आउँदा सरकारलाई चुँङ्गी कर तिर्न पनि यही फल्चामा भिड लाग्थ्यो । एक तले पाटीमा सोह्र वटा खुट्टा थिए भने यस्तो सोह्र वटा खुट्टा भएका फल्चा ललितपुर, काठमाडौंका केही ठाउँ, भक्तपुर र पनौतीमा पनि रहेको छ ।

**फल्चासँग जोडिएका इतिहास**

सम्पदासँग जोडिएका अनेकौं इतिहासहरु हुन्छन् । यसैसँग सम्बन्धित एउटा इतिहास नेपाल र तिब्बत युद्धको कथासँग जोडिएको छ । वि.सं १८५५ तिर नेपाल र तिब्बत युद्ध भएको थियो । युद्धमा नेपालीहरुले तिब्बतलाई कुती र केरुङ गरेर दुईतर्फी आक्रमण गरेका थिए । नेपालले तिब्बतलाई जित्दै गएपछि चीनले युद्धविराम गर्न र सहमति गर्न सुझाएको थियो । त्यसपछि नेपाल र तिब्बतबीच केरुङ सम्झौता भयो । तर सम्झैता गरिएअनुसार मापदण्ड पूरा नहुँदा नेपालले ३ वर्षपछि फेरि युद्ध गर्‍यो । यो पटक तिब्बतलाई चीनका सेनाहरुले सघाए र नेपाली सेना लखेटिए । युद्धमा नेपालका भोटु पाण्डेलाई भने तिब्बती सेनाले समातेर बन्दी बनाएका थिए । पाण्डेले यो अवस्थाबाट छुटकारा पाउन नरदेवीको आराधना गरेका रहेछन् । त्यसको केही समयपछि उनी छुटे । युद्धबाट बाँच्न सफल भएपछि भोटु कीर्ति राख्ने अभियानमा लागे । उनले नेपाल आएर देवीलाई खुसी बनाउन मठमन्दिर, पाटीपौवा, ढुंगेधारा बनाए । सोह्रखुट्टे पाटी पनि त्यहीबेला जिर्णोद्धार गरिएको हो । नयाँबजारमा भेटिएको शिलालेख अनुसार यो पाटी वि.सं. १८६४ सालमा बनेको उल्लेख छ ।

पुरातत्व विभागका रामबहादुर कुँवरका अनुसार निर्माण सम्पन्न गर्नका लागि सबै विभागमा पत्राचार भैसकेको र पत्रको जवाफ पश्चात छिट्टै नै निर्माण सम्पन्न हुने बताए । ठेक्का सम्झौता दि आनान्द प्रा.ली चितवनले पाएको थियो । सडक विभागका सुचना अधिकृत चित्तरंजन शाहका अनुसार जथाभावी पावर र पहुँचका भरमा ठेक्का पार्दा पुरातात्विक सम्पदाको लागतको भेउ नपाएर सस्तोमा सम्झौता भएको र पछि लागत बढ्ने देखिएपछि सम्पर्कमा नआएको सजिलो जवाफ दिन्छन् । तर कसरी सम्पन्न गर्ने कहिले सम्पन्न गर्ने भन्ने टुंगो लगाउन सक्दैनन् ।उनले योसम्म भन्न भ्याए कि 'करोडौंको काम गर्ने सडक विभाग सानोतिनो काममा अल्झिएर बस्छन् र ?' पुरातत्व विभागको पत्र आए/नआएको पनि उनलाई जानकारी नभएको बताए । स्तम्भकारले पुरातत्वबाट पत्र पठाइसकेको जानकारी दिएपछि कर्मचार ीसँग बुझी पत्रको प्रतिलिपि तयार गरेका थिए ।

## कञ्चनपुर डायरी

**गोमती पाल/मध्यान्ह**

# महिला स्वास्थ्य स्वयंसेविका हुँदै कार्यवाहक भइन् कमला

'हामी आफैं पछाडि सरेका हुन्छौं, दोष अरुलाई लगाउँछौ । अरुलाई दोष लगाउन भन्दा बाहिरबाट झकझकाउनु पर्छ ।' बेलडाँडी गाउँपालिकाका वडा नं. ५ का कार्यवाहक अध्यक्ष कमला ओखेडाले केही महिना अघि दलित महिला संघ(फेडो) ले आयोजना गरेको समान सहभागिता सम्बन्धी दुई दिने तालिम समापन कार्यक्रममा समाजमा सबैसँग बराबर हुन आफू बलियो हुने पर्नेमा जोड दिएकी थिइन् ।

उनले आफ्नो भनाइ राख्दै भनेकी थिइन्, 'यो दलित भन्ने शब्द नै किन बनाएको हो, रगत सबैको रातो नै हुन्छ, बाहुनको पनि रगत त रातै छ, अरुको पनि रातै छ ।'

बेलडाँडी गाउँपालिका ५ का अध्यक्ष कृष्ण बहादुर रोकायाको गत वर्ष निधन भएपछि ओखेडाले कार्यवाहक जिम्मेवारी पाएकी हुन् । स्थानीय तह निर्वाचनमा उनी नेकपा (एमाले) बाट वडा सदस्यमा निर्वाचित भएकी थिइन् ।

३४ वर्ष पुगेकी ओखेडा महिलाहरु आफूलाई कमजोर ठानेर पछाडि पर्ने गरेको बताउँछिन् । ' महिला पनि पुरुष बराबरकै हो, पछाडि छौं भनेर सोच्नु हुँदैन' उनी भन्छिन् ।

स्थानीय तह निर्वाचनबाट वडा सदस्य हुनु अघि पनि ओखेडा सामाजिक सेवामा सक्रिय थिइन् । उनले १२ वर्ष अघि नै महिला स्वास्थ्य स्वयंसेविका भएर समाज सेवा रोजेकी हुन् । राजनीति, स्वयंसेविकासँगै उनी दलित समुदायका हक अधिकारका लागि फेडोका समूहमा समेत आवद्ध छिन् । ओखेडाका ससुरा मदन एमालेका स्थानीयस्तरका नेता हुन् । ससुरा राजनीतिमा भएपछि उनी सहजरुपमा राजनीतिमा आइन् । त्यसमा उनका श्रीमान धन बहादुर ओखेडाले सधैं साथ दिए । उनी भारतमा नोकरी गर्छन् । दुई छोरी र एक छोराकी आमा कमला वडा



सरकार प्रमुख भएर वासिन्दालाई सेवा दिदैं आएकी छन् ।

गाउँपालिकाले वडा समितिको कार्यवाहकको जिम्मेवारी दिएपछि उनी आफूलाई डर लागेको बताउँछिन् । 'म त वडा सदस्यमा जितेको थिएँ, मैले त कार्यवाहकको आशा पनि गरेको थिइनँ,' उनले मध्यान्हसँग भनिन्, 'समय यस्तो आयो, मलाई नै कार्यवाहक बनाइयो, शुरुमा त डर लाग्यो, अहिले त्यो हटेको छ ।'

कार्यवाहक अध्यक्षाको जिम्मेवारी पाएको केही दिनसम्म आफूले जिम्मेवारी वहन गर्ने भनेर रात दिन सोचेको उनी बताउँछिन् । 'अहिले पनि केही कुरामा त कन्फ्युज त हुन्छु, तर पहिला जस्तो छैन, धेरै कुरा सिकिसकेको छु' उनले भनिन् ।

वडा समितिका सदस्य र कर्मचारी सबैबाट वडा वासिन्दा सबैलाई आफूले साथ पाएको उनको भनाइ छ । 'चुनावमा जसरी भोट माग्न घर घर गएको थिएँ, त्यस अनुसार चुनाव जिताए, अहिले यता नि त्यसै साथ पाएकी छु,' उनी भन्छिन् ।

कार्यवाहक अध्यक्ष भएपछि ओखेडाले आफूलाई हेर्ने सामाजिक नजर फेरिएको अनुभूति गरेकी छिन् । 'पद अनुसार नै हुँदो रहेछ, मान सम्मान सबै फरक छ, नमस्कार गर्ने पनि पहिला भन्दा धेरै बढेको छ,' उनले सुनाइन् ।

महिला स्वास्थ्य स्वयंसेविका भएर समाजमा बनाएको पहिचानलाई राजनीतिक पदले अझै बढेको अनुभव उनले गरेकी छन् । राजनीतिलाई निरन्तरता दिएर समाज सेवामा सक्रिय हुने आकांक्षा उनले लिएकी छन् । बेलडाँडी गाउँपालिका २ मा कक्षा ८ पढ्दा १५ वर्षको उमेरमा उनको विवाह भएको थियो । सानैमा विवाह भएपछि बाल विवाहका कारण पढाई नहुने भएकाले यसलाई हटाउनु पर्ने उनी बताउँछिन् ।

कार्यवाहक अध्यक्षाको जिम्मेवारी दिएर पनि उनले अध्यक्ष सरहको सेवा सुविधा पाएकी छैनन् । 'सेवा सुविधा त केही पाएको छैन, कार्यवाहक अध्यक्ष मात्रै दिइएको छ' उनले मध्यान्हसँग भनिन्, 'यसका लागि पनि गाउँपालिकासँग कुरा गरेको छु ।'

## ओटिसी सेवा बढाउँदै स्वास्थ्य कार्यालय

जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरले स्वास्थ्य संस्थामा कुपोषण्का लागि बहिरङ्ग (ओटिसी) सेवा बढाउने भएको छ । कार्यालयले स्थानीय तहसँग छलफल गरी बहिरङ्ग सेवा बढाउने कार्य अघि बढाइएको छ ।




कुपोषित बालबालिकाका लागि हाल कञ्चपुरका २४ स्वास्थ्य संस्थामा ओटिसी सेवा सञ्चालनमा छ । जनसंख्या वृद्धिसँगै कुपोषित बालबालिकाको संख्या पनि बढेपछि स्वास्थ्य कार्यालय सेवा बढाउने तयारीमा लागेको हो ।

'यो कुपोषित बालबालिकाका लागि उपचार गर्ने ठाउँ जस्तै हो, कुपोषण कार्यक्रम सञ्चालन भएसँगै ओटिसी सेवा पनि सञ्चालनमा आएको छ,' स्वास्थ्य कार्यालय प्रमुख शिवराज सुनारले मध्यान्हसँग भने, 'जनसंख्या बढेसँगै कुपोषित बालबालिकाको संख्या पनि बढेकाले सेवा बढाउने गरी छलफल अघि बढाएका छौं ।'

स्वास्थ्य कार्यालयले सबैभन्दा बढी जनसंख्या भएको भीमदत्त नगरपालिकासँग ओटिसी सेवा विस्तारका लागि छलफल गरेको छ । भीमदत्तमा जिमुवा स्वास्थ्य चौकी र वसन्तपुर सहरी स्वास्थ्य केन्द्रमा ओटिसी सेवा सञ्चालनमा छ । 'भीमदत्त क्षेत्र र जनसंख्या दुबै हिसाबले ठूलो छ, यसमा जिमुवामा मात्रै ओटिसी थियो, पछि वसन्तपुरमा पनि थपिएको हो' उनले भने, 'यति ठूलो नगरका लागि यी दुईले मात्रै हुँदैन, त्यसैले दुई तीन ठाउँमा थप्ने गरी छलफल अघि बढाएका छौं, त्यसमा नगरपालिका सकारात्मक छ ।' भीमदत्तका तीन स्वास्थ्य संस्थामा छिट्टै ओटिसी सेवा सञ्चालनमा आउने स्वास्थ्य प्रमुख सुनारले मध्यान्हलाई बताए ।

ओटिसी सेवा सञ्चालन गरिएका स्वास्थ्य संस्थाले कुपोषित बालबालिका खोज्ने र उनीहरुको उपचार गर्दै आएका छन् । त्यहाँ बालबालिकालाई तयार गरिएको पोषणयुक्त खाना (आरयुटिएफ) खुवाउने गरिन्छ । यो सेवा डेढ दशकदेखि सञ्चालनमा आएको हो ।

स्वास्थ्य कार्यालयले नयाँ आर्थिक वर्षको सुरुवातसँगै जिल्लाका सबै स्थानीय तहमा कुपोषित बालबालिका खोजी गरेको थियो । साउन र भदौमा गरिएको खोजी अभियानमा ६ सय ३ बालबालिका कुपोषित भेटिएका छन् । गत वर्ष जिल्लाभर ३ सय ८७ जना मात्रै भेटिएका थिए ।

स्वास्थ्य कार्यालयका पोषण फोकल पर्सन कपिलदेव जोशीले दुई महिनामा देखिएको कुपोषित बालबालिकाको संख्याले डरलाग्दो अवस्था बाहिर आएको मध्यान्हलाई बताए । 'दुई महिनामा यति बालबालिका कुपोषित देखिनु राम्रो संकेत होइन, यसले खतराको संकेत देखिएको छ' उनले भने, ' अब थप खोजी गरी बालबालिकाको उपचारका लागि कार्यक्रम बनाउनु पर्छ ।' कोरोना संक्रमण महामारीका कारण बालबालिकाकामा कुपोषणको समस्या बढेको हुन सक्ने उनले बताए । कुपोषित देखिएका बालबालिकामध्ये अधिकांश मध्यम खालका छन् । महाकाली प्रादेशिक अस्पतालको पोषण पुनर्स्थापन गृहका प्रमुख इन्द्रा भट्टले सामाजिकरुपमा अपमानित हुने डरले आमा बुवाले बालबालिकालाई पोषिलो खानेकुरा खुवाउन छाड्दा पनि कुपोषणको समस्या देखिएको बताइन् । 'यो पोषित बढी खाएर पनि भएको छ, पोषित खान नपाएर पनि हुन्छ' उनले भनिन्, 'समाजमा हेपिने डरले केहीले बच्चालाई जाउलो खुवाउँदैनन्, त्यसैले पनि समस्या छ ।' बालबालिकालाई समयमा खाना नदिने, स्तनपान नगराउने, मासु, फलफूल धेरै खुवाउने, जाउलो नखुवाउने लगायतका कारण बालबालिकामा कुपोषणको समस्या देखिएको उनले बताइन् । 'एकै पटक धेरै खुवाउन पर्दैन, पोषित मिसाएर समय मिलाएर खुवाउन सके राम्रो हुन्छ,' उनले भनिन् । महाकाली अस्पतालमा पुनर्स्थापन गृहले डेढ दशकदेखि कुपोषित बालबालिकाको उपचार गर्दै आएको छ । हालसम्म एक हजार ९ सय ८७ बालबालिका गृहमा बसेर घर फर्किएका छन् । हाल १० जना बालबालिका गृहमा छन् ।

## नेता पुन अस्वस्थ, उपचारका लागि बैंकक लगिँदै



**काठमाडौं/मस–** लामो समयदेखि कमलपित्त रोगबाट पीडित नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य वर्षमान पुनको थप उपचारका लागि बुधबार थाइल्याण्ड लगिने भएको छ ।

पछिल्ला केही दिनदेखि उनको स्वास्थ्यमा समस्या देखिएपछि थप उपचारका लागि बैंकक लैजान लागिएको हो । नेता पुनलाई कमलपित्तको मात्रा बढेको, वान्ता हुने र ज्वरो आउने जस्ता समस्या देखिएपछि ललितपुरस्थित सुमेरु अस्पतालमा उपचार गरिएको थियो । कमलपित्तको मात्रा नघटेकाले माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नै नेता पुनको थप उपचारका लागि आवश्यक कदम चाल्न सुझाव दिएका थिए ।

नेता पुनका स्वकीय सचिव सन्तोष पुनले अध्यक्ष प्रचण्डलगायतका नेताहरुको सल्लाहपछि थप उपचारका लागि उनलाई थाइल्याण्डको ब्रुमुङगार्ड अस्पताल लैजाने तयारी गरिएको छ । उपचारमा संलग्न चिकित्सकका अनुसार नेता पुनलाई वंशानुगत रुपमा संक्रमण भएको कमलपित्तले दुःख दिने गरेको छ । पूर्वअर्थ तथा ऊर्जामन्त्रीसमेत रहेका नेता पुन बुधबार बिहानै श्रीमती तथा पूर्वसभामुख ओनसरी घर्तीका साथ बैंकक जाने तयारी गरेका छन् ।

## नवलपरासी प्रशासनमा नागरिकताकै लागि हप्तौं धाउनुपर्ने बाध्यता

**रेशम अधिकारी/मध्यान्ह**
नवलपरासी, १२ असोज

पश्चिम नवलपरासीको जिल्ला प्रशासन कार्यालयमा तीन हप्तासम्म धाउँदा पनि सेवाग्राहीले नागरिकता पाउन नसकेको गुनासो बढ्दै गएको छ । कार्यालयमा अत्यधिक भिड हुने र नागरिकता बनाउन पनि हप्तौं कुर्नु पर्ने स्थिति रहेको सेवाग्राहीहरु बताउँछन् ।

सुनवल नगरपालिका वडा ७ की पुनम पाण्डे ३ हप्तादेखि आफ्नो पसल व्यवसाय बन्द गरेर प्रशासन कार्यालय धाइरहेकी छन् । उनी पुनः मंगलबार बिहान आठ बजे जिल्ला प्रशासन कार्यालयको लाइनमा बसिन् । त्यति बिहानै आउँदा पनि आफुलाई पुग्नुपर्ने फाँटमा पुग्न निकै सकस भएको उनले मध्यान्हलाई बताइन् ।

पाण्डेका अनुसार उनले यसरी लाइन लाग्न थालेको ३ हप्ता भैसक्यो तर अझै नागरिकताको प्रतिलिपि पाउने अत्तोपत्तो छैन । ' पहिलो हप्ता जाँदा पालो आएको छैन भनी फर्काइयो । दोस्रो हप्ता टोकन दिइयो र अर्को हप्ता आउन भनियो ।



तर यो हप्तामा पनि मेरो काम हुन सकेन,' पाण्डेयले गुनासो गरिन् । जिल्ला प्रशासन कार्यालयको ढिलासुस्तीका कारण आफूहरूले समयमा सेवा पाउन नसकेको उनको गुनासो छ । उनका अनुसार आफ्नो मान्छेलाई लाइनमा नबसी भित्र पठाउने, कर्मचारी, ढिला आउने र कार्यालयको व्यवस्थापन राम्रो नहुँदा जनताले सेवा लिन कठिन भएको छ । आफ्नै देशको नागरिक हुँ भनेर प्रमाणित हुन पनि निकै सकस भोग्नुपरेकोमा उनी मन खिन्न भएको बताउँछिन् ।

यस विषयमा जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जोरासिंह माझीसँग बुझ्दा कर्मचारी अभावका कारण केही समस्या आएको बताए । पहिले नै कर्मचारी कम भएको र केही सरुवा भएर आउनुपर्ने नआएकाले सेवा प्रवाह गर्न समस्या भएको उनको भनाइ छ । 'कर्मचारी थोरै छौं, सकेजतिको गरिएकै छ, गर्दागर्दै पनि सम्भव भैरहेको छैन,' उनले मध्यान्हसँगको कुराकानीमा भने । कर्मचारी ढिलो आउने तथा पहुँचका आधारमा काम हुने सेवाग्राहीको आरोप भने प्रशासन कार्यालयले स्वीकार गरेन । 'सेवाग्राहीको काम ढिलो भएपछि उहाँहरूलाई त्यस्तो लागेको हुनसक्छ । तर उपलब्ध कर्मचारीले इमानदार प्रयास गरिरहेका छन्,' सूचना अधिकारी माझीले भने ।

## सम्पादकीय

# अफ्रिदी भ्रमणले जगाएको आशा

छोटो समयको लागि नेपाल भ्रमण आएका पाकिस्तानी क्रिकेटर शाहीद अफ्रिदीले स्वदेश फर्केपछि सोमबार सामाजिक सञ्जालमा नेपालमा पाएको आतिथ्यताप्रति कृतज्ञता मात्र व्यक्त गरेनन्, नेपाली क्रिकेटलाई हरतरहले सहयोग गर्ने घोषणा गरे । अफ्रिदीको घोषणा केवल औपचारिकताको लागि मात्रै हो वा सहयोग मिल्नेछ, त्यो भविष्यले देखाउला । तर, जसरी उनी छोटो समयकै लागि भए पनि नेपाली फ्रेन्चाइज क्रिकेट खेल्न आए र नेपाली क्रिकेटबारे चासो देखाए, त्यसले समग्र नेपालको खेलकूद क्षेत्रमा आशा जगाएको छ ।

नेपाली खेलकूद क्षेत्रमा सरकारी लगानी अति नै न्यून छ । त्यसमाथि खेलकूद क्षेत्रमा चर्को राजनीतिक हस्तक्षेप छ । खेलकूद सम्बन्धी खोलिएका संघ संस्थाहरू खेल क्षेत्रका विज्ञहरू होइन कि राजनीतिक पार्टीका नेता कार्यकर्ताको भर्तीकेन्द्र बनेको छ । खेलाडीहरूले पाउनुपर्ने न्यूनतम सेवा सुविधा पनि पाउन सकिरहेका छैनन् । कतिपय अवस्थामा त उनीहरू खाली खुट्टा नै मैदानमा उत्रिन बाध्य छन् । त्यसका बावजूद नेपाली खेलाडीहरूले अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइरहेका छन् । सकेको राम्रो गरिरहेका छन् । सके पदक जित्ने र नसके मन जित्ने प्रयास गरिरहेका छन् । व्यवसायिक घरानाहरू फ्रेन्चाइच क्लबहरू मार्फत् खेलकूदप्रति आकर्षित भइरहेकाले नेपालको खेल क्षेत्रको विकास र बिस्तारमा महत्वपूर्ण सहयोग पुगेको छ । यदि, सरकारले उनीहरूको अभियानमा अलिकति सहयोग गर्ने हो वा उनीहरूलाई प्रोत्साहित गर्ने हो भने केही समयभित्रै नेपालको खेलकूद क्षेत्रले फड्को मार्न सक्ने कुरामा विवाद छैन ।

खासगरी बञ्जीजम्प, र्‍याफ्टिङ, क्यानोनिङ लगायत साहसिक खेलकूदमा नेपाल विश्वमै सम्भावना भएको मूलुक मानिन्छ । यो कुरालाई मनन् गरेर सरकारले खेल पर्यटनलाई जोड दिने हो भने नेपालको खेलकूद मात्र होइन, पर्यटन क्षेत्रमार्फत् अर्थतन्त्रको अवस्था निकै उकासिनेछ । त्यसको लागि नेपाली खेल क्षेत्रलाई आकर्षित गर्न उत्साहित रहेका शाहीद अफ्रिदी जस्ता विभिन्न विधाका विश्व विख्यात खेलाडीहरूलाई सद्भावना दूत बनाउन सकिन्छ । उनीहरू मार्फत् विश्वभरका खेलाडी र पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न सकिन्छ । त्यसको लागि खेलकूद मन्त्रालय, खेलकूद परिषद् र खेलकूद तथा पर्यटनसँग सम्बन्धित संघ संस्थाहरूले समन्वय गरेर आक्रामक रूपमा लागू हुने खालका कार्यक्रम बनाउनु जरूरी छ ।

## सामाजिक सञ्जाल



राजनीतिक दलसम्बन्धी अध्यादेश प्रकरणमा सरकारले लाजसमेत लजाउने गरी संवैधानिक प्रावधानको दुरूपयोग गरेको देखिन्छ । संसद् छलेर शासन गरेको आरोप लगाएर अघिल्लो सरकार हटाउनेहरूले यस प्रकारको दुरूपयोग गर्नु लज्जास्पद मात्र हैन चिन्ताजनक अभ्यास पनि हो ।

**- विराट पाठक**



नेप्से एक/दुई दिन मात्रै बढ्दा दैनिक पत्रकार सम्मेलन गरेर सचेत भएर लगानी गर्नुस् भन्ने धितोपत्र बोर्ड, विधुत नियमन आयोग र बजारलाई प्रभावित गर्ने अनेक नियम बनाउने राष्ट्र बैंकलगायतका निकाय ४० दिनमा ६०० अंकले शेयर बजार ओरालो लाग्दा कुन दुलोमा पसेका छन् ? किन बोल्दैनन् ?

**- रोशन खड्का**



सरकारले प्रतिपक्षी दल नेकपा (एमाले)को मागलाई सम्बोधन गर्दै दल विभाजनसम्बन्धि अध्यादेश फिर्ता लिएको छ । माग पूरा भएपछि के एमालेले अध्यक्ष ओलीले हत्या गरेको संसदको अवरोध फिर्ता लिएर माफी माग्ला ? हेर्न बाँकी छ ।

**- मनहरि तिमल्सिना**



त्यो रकम आयकर मात्रै भए त्यसलाई चौधरीले नै तिरेको मान्नुपर्छ । त्यसमा भ्याट, अन्तःशुल्क पनि गाभिएको छ भने कुरो अर्कै हुन्छ । भ्याट आदि कर क्रेता-सेवाग्राहीले तिर्ने, व्यापारीले सरकारको खातामा पुऱ्याइदिने हो । सरकारको त्यति काम गरिदिए बापत उनीहरूले त्यस्तो रकम केही साता चलाउन पाउँछन् ।

**- राजेन्द्र दाहाल**



अरूको त कुरै छोडौं जनयुद्धमा घाईते भएका लडाकुले नै भनेको बेला देशमै आफ्नो उपचार गर्न पाउँदैनन् । माओवादी जनयुद्धको प्रारम्भ बिन्दु रूकम/रोल्पाका जनताले सिटामोल पनि बेलैमा पाउँदैनन् । तर जसको बुई चढेर शासन सत्तामा पुगे, तिनिहरू चैं स-सानो उपचारको लागि विदेश धाउँछन् । परिवर्तन भएकै हो !

**- प्रेम सागर मगर**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# राष्ट्रियता र वैदेशिक सहयोग

**चीनको रोड प्रोजेक्ट, भारतको जल प्रोजेक्ट र अमेरिकाको एम.सी.सी. नेपालको हितमा छैन भन्ने कुरा आम जनतालाई थाहा छ । तर, त्यसैमा राजनीति गरेर आफ्नो सत्ता जोगाउन खोज्नु दुर्भाग्य हो ।**



● रोशनी बुढा

देशभन्दा ठूलो न व्यवस्था हो, नत राजनीतिक पार्टी । देश रह्यो भने मात्रै सबै कुराको सम्भावना रहन्छ । राज्य व्यवस्थाको फेरबदल पनि जनताको इच्छाअनुसार गर्न सकिन्छ । तर राष्ट्रियतामाथि जसरी प्रश्न उठेको छ त्यसमा हामी सजग हुनुपर्ने अवस्था छ । अहिलेको अवस्थामा हामी समस्त नेपालीले आन्तरिक जातीय तथा क्षेत्रीय उत्पीडन भए पनि सिंगो राष्ट्र बचाउन एकता, सद्भाव र सहकार्य गर्न आवश्यक छ । अहिले देशका राजनीतिक पार्टीहरुले मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र धार्मिक रुपमा परनिर्भर बनाइरहेका छन् । सत्ता प्राप्ति र बर्हिगमनका लागि राजनीतिक दलहरु होडबाजीमा लागिरहेका छन् । राजनीतिक नेतृत्व देश र जनताभन्दा पनि गुट र उपगुटको बीचमा रुमलिएका छन् । उनीहरु सत्ताको खिचातानिमा व्यस्त र आफ्नो दुनो कसरी सोज्याउने भन्नेमै मस्त छन् । मुलुकको चौतर्फी हित गर्ने राजनीतिक नेतृत्वको कमी र दलहरुबीचको असमझदारीले गर्दा विदेशी शक्तिहरु पनि नेपालको भू-राजनीतिको र तरल राजनीतिक अवस्थाको फाइदा उठाउन लागि परेका छन् । नेपाल अहिले एसियाकै माफियातन्त्र, अपराधीहरुको ठाउँ र राजनीतिक रुपमा पनि अन्तर्राष्ट्रिय समुदायहरुको प्रयोगशाला र परिक्षण गर्ने ठाउँ बन्न पुगेको देखिएको छ । माफिया ग्रुपले नेपाली राजनीतिकमा खैलाबैला परिरहेको छ भन्दा अतियुक्ति हुन्न । यसैमा हाम्रा नेतृत्व वर्गहरु खेलाडी छनौट भएका छन् र कसले कति गोल हान्न सक्दछ, को प्रथम हुने भन्ने सवालमा सहभागी छन् । बाह्य रेफ्रिले नेपाली खेलाडीहरुलाई खेलाइरहेको देखिन्छ ।



खासगरि राजनीतिक र आर्थिक रुपमा नेपाल परनिर्भर एवम् उपनिवेश भइसकेको छ । आज घर-घरमै नेताहरु छन तर, यो देश निर्माण गर्ने नेता छैनन् । यदि कोही प्रगतिशिल एवम् राष्ट्रवादी नेताको जन्म भएको भए अहिलेको अवस्था आउने थिएन ।

००७ सालदेखि नै हाम्रो राष्ट्रियता र अर्थतन्त्रमा छिमेकीको प्रभाव परिरहेको देखिन्छ । राष्ट्रिय सुरक्षाको कुरा होस् या दिर्घकालिन रुपमा नेपाललाई असर पर्ने सडक, जलस्रोत, वनस्पती इत्यादी राष्ट्रिय हितभन्दा पनि छिमेकीको हितमा प्रयोग भईरहेको देखिन्छ । हामी छिमेकीसँग सहमति नलिई काम नै गर्न नसक्ने अवस्थामा पुगेका छौं । सत्ता प्राप्त गर्न दिल्ली, बेइजिङ्ग, वासिङ्गटन र युरोपको निर्देशनमा पछि लाग्नु पर्ने अवस्था भएको छ । नेपाल र नेपालीको लागि नेता बन्ने होइन् छिमेकीको लागि लेण्डुप दोर्जे बन्ने खेलमा नेपाली नेताहरु छन् । सधैं अरुको गोटी बन्ने अवस्थामा छन् । यसको उदाहरण हो दुई तिहाईको सरकार पनि फेरबदल हुने ।

> “००७ सालदेखि नै हाम्रो राष्ट्रियता र अर्थतन्त्रमा छिमेकीको प्रभाव परिरहेको देखिन्छ । राष्ट्रिय सुरक्षाको कुरा होस् या दिर्घकालिन रुपमा नेपाललाई असर पर्ने सडक, जलस्रोत, वनस्पती इत्यादी राष्ट्रिय हितभन्दा पनि छिमेकीको हितमा प्रयोग भईरहेको छ । हामी छिमेकीसँग सहमति नलिई काम नै गर्न नसक्ने अवस्थामा पुगेका छौं ।

यस्तो अवस्थामा राष्ट्रप्रेमी, जनप्रेमी, देशभक्ति शक्तिका मोर्चाबन्दी हुन जरुरी छ । तर यहाँ राष्ट्रवाद, राष्ट्रियता भनेको नै राजनीतिक दलहरुले भऱ्याङ्ग चड्ने खुड्किलो बनेको छ । सत्तामा हुँदा विदेशीको भक्ति देखाउने र सत्ता बाहिर हुँदा राष्ट्रवादका नक्कली नारा दिने परम्परा छ । इतिहासको कालखण्डमा हेर्ने हो भने नेपालमा हालसम्म राष्ट्रवादी शासक भेटिएको छैन । यदि राष्ट्रवादी शासक भएको भए देशकों हालत यस्तो अवस्थामा पुग्ने थिएन । नेपालको राष्ट्रिय उद्योगको विकास, आत्मनिर्भरता र समग्रमा देशको चौतर्फी विकास हुन्थ्यो तर, शासकहरुले सत्ता टिकाउनका लागि जस्तोसुकै सन्धि, सम्झौता गरेको इतिहास छ । त्यसैले पनि अहिलेका नेतृत्व वर्गहरुले पनि निरन्तरता दिइरहेका छन् । नेपालको जुनसुकै परिवर्तनमा पनि कुनै न कुनै वस्तु छिमेकीलाई भेटी चढाउने र सम्झौता गरि हाल्ने परम्पराले नेपालमा यदि इमान्दार शासक भएमा उ धेरै टिक्न सक्दैन । यसैले राष्ट्रवाद र राष्ट्रियता मागि खाने भाडो भएको छ । राष्ट्रवादको खोल ओडेर लेण्डुप दोर्जेहरुको विकास भइरहेको छ । राष्ट्रवादका पहरेदार नेपाली जनता हुन् र अब नेपाली जनताले नै नेपाली राष्ट्रियताको जगलाई बलियो पार्न चारैतिरबाट मोर्चा बन्दी कस्नु बाहेक अरु विकल्प छैन ।

देशमा समस्या निम्तिनुमा नेता मात्र होइन त्यसमा बुद्धिजीवि, नागरिक समाज, पत्रकार, लेखकसमेतको हात छ । नेतालाई सहि र सत्य बाटोमा हिँड्न बौद्धिक कुराको कमि पनि हन सक्छ । तर हाम्रो बौद्धिक समुदायले आफ्नो नीजि स्वार्थको निम्ति पनि नेतृत्व गणलाई डोऱ्याएको देखिन्छ । कुनै पनि विदेशी ऋण वा सहयोग लिनु छ भने त्यो हाम्रो स्वार्थअनुकुल हुनुपर्छ । चीनको रोड प्रोजेक्ट, भारतको जल प्रोजेक्ट र अमेरिकाको एम.सी.सी. नेपालको हितमा छैन भन्ने कुरा आम जनतालाई थाहा छ । तर, त्यसैमा राजनीति गरेर आफ्नो सत्ता जोगाउन खोज्नु दुर्भाग्य हो ।

## पालिका विशेष

# विकासमा फड्को मार्दै गोकर्णेश्वर

**कुनै पनि बच्चालाई विद्यालयमा भोको पेटमा टिकाउन, सिकाउन र सिकाइलाई दिगो बनाउन असम्भव हुन्छ । यसर्थ सकेसम्म विद्यालय तहका सबै कक्षाहरुमा दिवा खाजाको प्रबन्ध हुनु लोककल्याणकारी राज्यका दृष्टिले न्यायपूर्ण नै हुन्छ ।**



● नन्दलाल खरेल

काठमाडौंको उत्तर पूर्व भेगमा रहेको गोकर्णेश्वर नगरपालिका वागमती नदी सभ्यताको उद्‌गमस्थल हो । यो नगरपालिका गोकर्णेश्वर महादेवको पावन भूमिमा अवस्थित अनेकतामा एकता र एकताभित्रको विविधताले भरिपूर्ण मनमोहक क्षेत्र हो । गोकर्णेश्वर २०७१ मंसिर १६ मा सरकारले गरेको निर्णयअनुसार साविक सुन्दरीजल, नयाँपाटि, वालुवा, गोकर्ण र जोरपाटी गाविसहरुलाई समेटी स्थापना भएको नगरपालिका हो । यस नगरपालिकाको नामांकन हाल वडा नं.४ मा अवस्थित श्री गोकर्णेश्वर महादेवको नामबाट भएको हो । यस नगरपालिकाले सांस्कृतिक धरोहरसहितको समृद्ध शहर धार्मिक, भौगोलिकता र विशिष्ट अस्तित्व बोकेको छ । यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पूर्वमा कागेश्वरी मनोहर नगरपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा काठमाण्डौं महानगरपालिका, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा काठमाण्डौं महानगरपालिका र कार्गेश्वरी मनोहर नगरपालिका पर्दछन् । ९ वटै वडामा उपलब्ध स्रोत र साधनहरुको प्रभावकारी उपयोग र व्यवस्थापनको काम शिध्र ढंगबाट हुँदै आएको छ । २०६८ को जनगणनाअनुसार यो नगरपालिकाको कुल जनसंख्या १,०७,३५१ रहेको छ । स्थानीय निर्वाचन २०७४ अनुसार यस नगरपालिकामा २८,०६० मतदाता रहेका छन् । यो नगरपालिकाको कुल क्षेत्रफल ५८.५० वर्ग कि.मि छ । यस नगरपालिकामा पूर्ण विद्युतिकरण भइसेको छ भने सडक यातायात सुविधामा दिनप्रतिदिन वढ्दो रुपमा छ । पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकासमा यो नगरपालिकाले आम नगरवासीलाई केहि अनुभूति हुने गरी काम गरेको पाइन्छ । त्यतिमात्र होइन विपद् व्यवस्थापन तथा सुशासनलगायतका काममा पनि नगरपालिकाले महत्वपूर्ण स्पष्ट देखिने गरी कम भएको पाइन्छ ।

### विकास निर्माणको प्रगति

यस नगरपालिकाका नगर प्रमुख सन्तोष चालिसेको नेतृत्वमा थुप्रै कामहरु भएको छ । नगरको दिगो विकासका लागि ऐतिहासिक तारेभिर क्षेत्रलाई धार्मिक र मनोरन्जनमूलक पर्यटन क्षेत्रको रुपमा सञ्चालन गर्ने, वागमती नदीमा अत्याधुनिक स्टिमर संचालन गर्ने, राष्ट्रिय शहिद पार्कको विकासलाई तीव्रता दिने तथा सहरलाई सौन्दर्यकरण गराउने काममा तिव्रता दिइएको पाइएको छ । नगरपालिकाको कार्यालयले फोहोर मैला व्यवस्थापन, गोकर्णेश्वर महादेव मन्दिरमा सुनको छानो निर्माणलगायतका काममा विशेष जोड दिएको छ । नगरपालिकामा इन्सिनेटर मेसिनमार्फत फोहोर मैला व्यवस्थापनको काम शुरु हुने अवस्थामा छ । नगरपालिकाले विद्यालयमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी लागू भएको छ । सबै वडाहरुमा घर नं. प्लेट जडानको कार्य सम्पन्न भएको छ । १५ शैयाको वर्थिङ सेन्टरसहितको गोकर्ण प्राथमिकता अस्पताल संचालन र अन्य स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा थप भएको छ । नगरवासीहरुको सबै विवरण भएको डिजिटल प्रोफाइल तयार भएको छ । करिब २८ करोडको लागतमा नगरपालिकाको प्रशासनिक भवन निर्माणको कार्य प्रारम्भ गरिएको छ ।

शिवपुरी डाँडामा शिव मूर्ति र बुद्ध मूर्ति निर्माण योजनाको कार्य सम्पन्न भएको छ । वागमती नदीमा अत्याधुनिक स्टिमर संचालन तथा किनारा व्युटिफिकेसन योजनाको डि.पि.आर. निर्माणको कार्य सम्पन्न भएको छ । बृहत खानेपानी योजनाको काम सम्पन्न भएको छ । करीब ९० लाख लागतको सुन्दरीमाई मन्दिर जाने सिडी निर्माणको काम अन्तिम चरणमा पुगेको छ । गोकर्णेश्वर नगरपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरुको भवन निर्माणको काम सम्पन्न भएको छ । जोरपाटी चोकमा करिब रु. ४ करोडको लागतमा आकासे फुल निर्माणको काम शुरु भएको छ । नगरक्षेत्रका मुख्य सडकहरु कालोपत्रे गरिएको छ । अधिकांश भित्री सडकहरुमा ढल सहित पिच ढलान र ब्लक छाप्ने काम सम्पन्न भएको छ । माकलवारी स्थित वागमती नदीमा पक्की पुल निर्माण आयोजनाको डि.पि.आर. को काम सम्पन्न भएको छ । सडक विस्तारको काममा यस नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । त्यसैगरी करीब रु ८ करोड लागतको जोरपाटी-आरुवारी कालोपत्र सडक निमार्णको काम सम्पन्न भइसकेको छ । त्यसैगरी करिब ५५ करोड लागतको वागमती नदीमा पानीको सतह बढाउने शिवपुरी धाप ड्याम निर्माणको ९० प्रतिशत वराबरको काम सम्पन्न भएको छ । एसियाली विकास बैकको करिब २७ करोड लागतमा चुच्चेपाटी–सहिदपार्क कालोपत्रे सडक सम्पन्न भएको छ । सोही बैकको करिब रु २० करोड लागतमा यस नगरक्षेत्रको गोकर्णेश्वर महादेव मन्दिर परिसरको पूर्वाधार निर्माणको कार्य भइरहेको छ । मेलम्ची खानेपानी आयोजना मार्फत करिब २ अरब १७ करोडको लागतमा यस नगरपालिकाको वडा नं.९ मा १३ लाख लिटरको आकाशे ट्यांकी निर्माणको कार्य भइरहेको छ ।

### कोरोना नियन्त्रणमा उदाहरणीय पालिका

यस नगरपालिकाले आफ्ना नागरिकहरुलाई कोरोनाबाट बचाउन विशेष भूमिका खेलेको देखिन्छ । कोभिड १९ महामारीको श्रृङखलाबद्ध भेरियन्टबाट सृजित जनस्वास्थ्य समस्यालाई मध्यनजर गरी वर्तमान अवस्थामा अतिआवश्यक महशुस गरिएको अक्सिजनको सर्वसुलभताको लागि अक्सिजन कन्सन्ट्रेटरको प्रवन्ध गर्नुका साथै दिगो रुपमा समस्या समाधान गर्न यो नगरपालिका वडा नं.४ स्थित गोकर्ण प्राथमिक अस्पताल नजिक अक्सिजन प्लान्टको स्थापना गर्ने योजना बनाएको छ । आफ्ना नगरवासीलाई स्वास्थ्य सेवामा सहज पहुच पुऱ्याउन गोकर्ण प्राथमिक अस्पतालको स्तर वृद्धि गरी १५० वेडको अस्पतालको रुपमा संचालन गर्ने पूर्वाधधारको कामको योजना अघि सारेको छ । कोभिडका विरामीलाई घर घरमा उपचार कार्यक्रम तथा मनोविमर्श समेत संञ्चालन गर्दै आएको छ । सम्पूर्ण नगरवासीलाई सर्वसुलभ ढंगले निशुल्क रुपमा कोभिड भ्याक्सिनको व्यवस्था मिलाउन नगरपालिकाको कार्यक्रम विशेष रुपमा लागेको छ । कोरोना नियन्त्रण अग्रपडातिमा रही कार्य गर्ने चिकित्सक, स्वास्थ्य कर्मी लगायत जनशक्तिलाई विशेष सहयोग तथा प्रोत्साहन समेत गरेको पाइएको छ ।

### शिक्षा र कृषिमा विशेष ध्यान

नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक व्यवसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिएको छ । नगरपालिकाले स्थानीय शिक्षा लागु गरेको छ । आफू अन्तर्गतका संस्थागत विद्यालयहरुमा स्थानीय पाढ्यपुस्तक अनिवार्य लागु गर्ने योजना बनाएको छ । नगरस्तरका उत्कृष्ट छात्र । छात्रा शिक्षक र विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छ । यस नगरपालिकाले यस नगरपालिका भित्रका विधालयहरुमा प्राविधिक र व्यवसायिक शिक्षाको. थप विस्तारलाई प्रोत्साहन र सहयोगको समेत व्यवस्था मिलाएको छ । गोकर्णेश्वर नगरपालिकाले कृषि नीतिमा उल्लेखनिय भूमिका खेल्ने योजना बनाएको छ । कृषि उत्पादन तथा उत्पादकत्व वढाउन आधुनिक कृषि सामग्री, मल, विउ, विजनमा अनुदानको व्यवस्था मिलाएको छ ।

यसअन्तर्गत ट्र्याक्टर ५० वटा र गहु चुट्ने मेसिन १५ वटा ५० प्रतिशत अनुदानमा लाभग्राही कृषलाई उपलब्ध गराउने योजना बनाएको छ । यस नगरपालिका क्षेत्रका कृषक, कृषि सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि क्षेत्रमा लगानी र प्रविधि परिचालन मार्फत कृषि उत्पादनलाई वढावा दिने नीति अवलम्वन गर्ने योजना बनाएको छ । नगरपालिकाले सामूहिक खेती प्रणाली प्रवर्द्धन गर्ने योजना बनाएको छ । यसका लागि वैक तथा वित्तीय संस्था मार्फत सामूहिक कर्जा प्रवाह अनुदान र अन्य वितीय प्रवन्ध गर्ने नीतिलाई अघि सारेको छ । साथै कृषि विषादी न्यूनिकरण गर्दै अर्ग्यानिक कृषि उत्पादनलाई विशेष जोड दिने नीति बनाएको छ ।

### युवामैत्री नीतिमा जोड

यस नगरपालिकाले युवालाई आत्मनिर्भर बनाउन थुप्रै कार्यक्रमहरुलाई अघि बढाएको छ । महिलाद्धारा संञ्चालित लघु उधम र कृषि तथा पशुपालन क्षेत्रका व्यवसायीहरुलाई १० लाखसम्मको बैंकमार्फत लिने ऋणको व्याजमा शतप्रतिशत वहोर्ने व्यवस्था मिलाउनेछ । वैदेशिक रोजगार बाट फर्केका जनशक्ति तथा संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमतालाई उद्यमशीलता स्वरोजगार र व्यवसायिक कार्यमार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने छ । युवालाई लागु औषध तथा दुर्व्यशनको कुलतबाट अलग गराई परिवार समाज र राष्ट्रप्रति थप जिम्मेवार बनाउन नगरपालिकाको विशेष अभियान संचालन गर्ने योजना बनाएको छ । गोकर्णेश्वर नगरपालिकाले युवालाई मानवीय सेवा र विपद व्यवस्थापन जस्ता क्षेत्रमा परिचालन गर्ने गोकर्णेश्वर स्काउट र स्थापनमा जोड दिने योजना बनाएको छ ।

### समृद्धिको आधार : पर्यटन

गोकर्णेश्वरले तारेभिर क्षेत्रमा पर्यटन प्रर्वद्धनका लागि लाइटसहितको व्युटिफिकेशन कार्यक्रम सञ्चालन गरी आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गराई नगरको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने काममा जोड दिएको छ । पर्यटकहरुको सूचना एवं सहजीकरणका लागि सम्पर्क स्टेसन एवं टुरिष्ट हेल्थडेक्सको स्थापना सञ्चालन गर्ने योजना बनाएको छ । पर्यटनक्षेत्र प्रर्वद्धनका लागि यस क्षेत्रमा रहेका ऐतिहासिक, संस्कृतिक, पुरातत्विक एवं वातवरणीय दृष्टिले महत्वपूर्ण रहेको सुन्दरीमाई मन्दिर, बाघद्धार, गोकर्णेश्वर मन्दिर र सोसँगैको उत्तरगयाधाम ,सुन्दरीजलक्षेत्र तथा बोलबम धाम, तारेभिर क्षेत्रको संरक्षण र प्रचार प्रसार कार्यलाई निरन्तरताका साथ नगरपालिका अघि वढेको छ ।

### कला, संस्कृतिको संरक्षण नगरपालिका

यस नगरपालिकाले आफ्नो इलाका भित्रका हिन्दु, वौद्ध, इस्लाम र इसाई लगायतका नागरिकहरुलाई कसैलाई भेदभाव गर्ने छैन । उनीहरुको धर्म,संस्कृति र भाषाको संरक्षण कार्यक्रम संचालन गरिनेछ । यस नगरपालिकामा अवस्थित श्री गोकर्णेश्वर महादेव मंदिरको छाना निर्माण तथा स्वर्णलेपनकार्यलाई पूर्णता दिने योजना वनाएको छ । नगरपालिका अन्तर्गतका ऐतिहासिक पुरातात्विक, संस्कृतिक र धार्मिक संप्रदायको संरक्षण, संवर्धन, अभिलेखिकरण र प्रचार प्रसारको कार्यक्रमलाई महत्वका साथ ल्याउने योजना बनाएको छ ।

### नगरका चुनौति

यो नगरपालिकामा दिन प्रतिदिन बस्ती बढ्दै गएकोले नगरभित्र उर्त्सजन हुने फोहोर मैलोको संकलन र व्यवस्थापनमा थप चुनौति थपिएको छ । यस क्षेत्रमा वाहिर जिल्लाबाट आएका मानिसहरु वढ्दै गएकोले थप रोजगारीको लागि चुनौति थपिएको छ । साथसाथै शहरी गरिवी वढेको छ । स्थानीय युवाहरु अवसरको खोजीको लागि विदेश पलायन दिन दिनै वढ्दै गएको छ । व्यवस्थित आवस योजना नगरपालिकालाई अर्को प्रमुख चुनौति थपिएको छ । नगरपालिकाको विगत वर्षहरुको वेरुजुलाई कम गर्न ठूलो चुनौति छ नगरपालिकाको कार्यलयलाई । विकासमा उपभोक्ताहरुलाई सहभागी गराइ अघि वढाउन पनि थप चुनौति छ । सबै नागरिक तथा सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउन केहि समय लाग्ने अर्को मुख्य चुनौति रहेको छ ।

इमेल : kharelnand@gmail.com

# सूचना लिने र दिने दुवै जागरुक हुनुपर्छ : अध्यक्ष तिमिल्सिना



**काठमाडौं/मस–** राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राज्यका हरेक निकायलाई सूचनाको हक प्रदान गर्ने सन्दर्भमा कहीँकतै कमजोरी भए त्यसलाई सच्याउन सुझाव दिएका छन् । सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा मंगलबार आयोजित कार्यक्रममा उनले सूचनाको हक कार्यान्वयनको विषय लोकतन्त्र र सुशासनसँग जोडिएकाले लिने र दिने दुवै जागरुक हुन आवश्यक रहेको बताए ।

उनले भने, 'राज्यबाट सम्पादन हुने काम कारबाहीलाई पारदर्शी तुल्याउन जनता र सबै तहका सरकार सचेत हुनुपर्छ, भ्रष्टाचार न्यूनीकरण, सुशासन कायम र लोकतन्त्रलाई सुदृढ तुल्याउन सूचनाको हक कार्यान्वयनले ठूलो योगदान पुर्‍याउँछ ।'

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले जनताले सही सूचना प्राप्त गर्न नसकेमा राज्यद्वारा प्रदान गरिने सेवासुविधा दुरुपयोग हुन सक्छ भने ।

उनले भने, 'सूचनाको हक सुशासनका लागि चाहिने आवश्यक तत्व हो । राज्यको स्रोत साधनको सही सदुपयोग भए/नभएको विषय जनताले सूचनाको हक कार्यान्वयनबाटै थाहा पाउने हुँदा यसको भूमिका र महत्व धेरै छ ।'

राष्ट्रिय सूचना आयोगका अध्यक्ष महेन्द्रमान गुरुङले मुलुकमा सुशासन कायम गर्न, भ्रष्टाचार घटाउन र नागरिकलाई बलियो तुल्याउन राज्यका निकायले जनतालाई सूचना प्रवाह गर्न कुनै कन्जुस्याइँ गर्न नहुने बताए । उनले भने, 'स्थानीय तहका कामकारबाहीसँग जोडिएको थुप्रै उजुरीको सङ्ख्या बढ्ने क्रमले लोकतान्त्रिक पद्धति सुदृढ मात्र होइन, नागरिक पनि सचेत भइसकेको सङ्केत गरेको छ । सूचनाको हक कार्यान्वयनले राज्यलाई जिम्मेवार र उत्तरदायी बनाउँछ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले सूचनाको हक सम्पूर्ण रुपमा स्थापित गराउन आयोगले अझ बढी घनिभूत र क्रियाशीलरुपमा लाग्न सक्ने विश्वास व्यक्त गरे । उनले भने, 'सूचनाको हकलाई कार्यान्वयन गर्न र प्रत्येक सूचना सरोकालवालासँग छिटोछरितो र सरल ढङ्गबाट पुर्‍याउन मन्त्रालयले केही गृहकार्य गरिरहेको छ ।'

नेपाल पत्रकार महासङ्घका सभापति विपुल पोखरेलले लोकतन्त्रसँग अन्योन्याश्रित सम्बन्ध रहेको सूचनाको हक कार्यान्वयन गर्ने सन्दर्भमा सूचना लिने र दिने संस्कृतिलाई व्यवस्थित तुल्याउन आवश्यक रहेको धारणा राखे । उनले भने, 'सूचनाले पारदर्शी समाज निर्माण गर्छ, पारदर्शी समाजले मात्र लोकतन्त्रलाई बलियो बनाउन सक्छ । सूचना लिने र दिने प्रक्रिया लोकतन्त्रलाई बलियो बनाउने आयामसँग जोडिएको विषय हो ।'

आयोगका सचिव भगिरथ पाण्डेले सबै जनतामा सूचनाको पहुँच विस्तार गर्ने सिलसिलामा आयोगद्वारा भइरहेको प्रयासको जानकारी गराए । सूचना प्रविधिका क्षेत्रमा भइरहेको तीव्र विकासलाई दृष्टिगत गरी सरकारले पूर्वाधार, पहुँचको विस्तार, डिजिटल साक्षरतालाई अघि बढाइरहेको जानकारी दिइयो ।

सो अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने सूचना अधिकारी दयाराम तिवारी (मुस्लिम आयोग), सुरजकुमार भुजेल (थाहा नगरपालिका), राजेश चौधरी (जिल्ला हुलाक कार्यालय ताप्लेजुङ) र सरोज खतिवडा जिल्ला हुलाक कार्यालय खोटाङलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरियो ।

सूचना हकका अभियन्ता अजयकुमार साह (उदयपुर), डा मुन्नाकुमार मिश्र (बारा), शैलेन्द्रकुमार महतो (धनुषा), ईश्वरा तिवारी (झापा) र रामपुकार रौनियार पर्सालाई आयोग स्थापना दिवसका अवसरमा गत वैशाख २२ गते घोषणा गरिएको 'विनय कसजू उत्कृष्ट अभियन्ता पुरस्कार' प्रदान गरियो ।

## गुणस्तरीय स्वास्थ्य सेवा प्राथमिकतामा : मुख्यमन्त्री पोखरेल

**पोखरा/मस–** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गुणस्तरीय स्वास्थ्य सेवा सरकारको प्राथमिकतामा रहेको बताएका छन् । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयद्वारा आज पोखरामा आयोजित आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समीक्षा गोष्ठीमा उनले प्रदेशवासीलाई स्वास्थ्य सेवाको सहज पहुँच अभिवृद्धिका लागि सरकार निरन्तर लागेको बताए । कोरोनाको रोकथाम र नियन्त्रणका साथै प्रदेशवासीलाई खोप उपलब्ध गराउनका लागि सरकार लागिरहेको उनको भनाइ थियो ।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारीले सरकारले प्रदेशमा सर्वसाधारणको स्वास्थ्य रक्षालाई प्राथमिकतामा राख्दै अघि बढेको बताए । कोरोनाको रोकथाम र नियन्त्रणका लागि खोपको व्यवस्था गर्न निरन्तर लागिएको बताउँदै उहाँले प्रदेशभित्र छ लाख ८५ हजार ५८० जनाले पहिलो मात्रा र पाँच लाख ९१ हजार ९४७ ले दुवै मात्रासमेत लगाइसकेको जानकारी दिए । प्रदेशका अर्थमन्त्री रामजी बराल(जीवन)ले कोरोना महामारीको उपचारमा अहोरात्र खटिने स्वास्थ्यकर्मी प्रशंसायोग्य भएको बताए ।


## भूल सुधार

मिति २०७८/०६/१२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षकको, **चलानी नं.: ६०१५५५०७** र L.T. No.: 237188, **कम्पनी नाम:** Onaiza Elite General Contracting Corporaton को विज्ञापनमा **कामदारको पद** Truck Driver **र पुरूष माग संख्या ४ जना** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४९५५४२२, ४४९६०५२

### मरिना नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

[illegible] मरिना नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि. (दर्ता नं. ८८२३१/०६८/०६९) को मिति २०७८/०६/१२ गते [illegible]

लिक्वीडेटर: तेजप्रसाद घराल, इजाजत पत्र नं. ४९
फोन नं. ९८५१०१९१२८, E-mail : semantamani@gmail.com



## UAE मा वैदेशिक रोजगारको अवसर

Company : INTERNATIONAL INDIAN SCHOOL — UAE
पुर्व स्वीकृत मितिः २०७८/०६/१२ | चलानी नं.: ६०१६४२३४ | LT. No.: 246971

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kindergarten Teacher | 0 | 7 | सम्बन्धित काममा दक्ष | 2700 | ८६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Primary Teachers | 0 | 5 | | 2700 | ८६,६१५ | | | | | | | |
| 3. | Cleaning Worker | 2 | 15 | | 900 | २८,८७० | | | | | | | |
| 4. | Assistant Teacher | 0 | 4 | | 1700 | ५४,५३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.**
एकता टोल, सिनामंगल-९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोन: ४४८९९५०, ४४९१४६९
Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com



## UAE मा PSBD Guard हरुलाई रोजगारको अवसर

१. कम्पनी : SECURIGUARD MIDDLE EAST — शहर: Abu Dhabi
पुर्व स्वीकृत मितिः २०७८/०६/१२ | चलानी नं.: ६०१६४२०४ | L.T. No.: 247079

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 400 | 75 | स. काममा दक्ष | 2000 | ६४,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४० बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

**Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 भन्दा माथि कमाउन सकिनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २०, २१ र २२ गते (6, 7 & 8 Oct. 2021) मा र सेन्टर प्वाइन्ट होटेल, बिर्तामोड झापा-०५ मा असोज २५, २६ र २७ गते (11, 12 & 13 Oct. 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोन: ४३८४८३२, ४३८४८३३
Ktm Office Mob. No.: 9841422188, 9803591957, 9847824812, 9846912202, 9869244000, 9813172623 | ( Jhapa Birtamod)Mob. No.:9803286759, 9801023813



## UAE र कतारमा रोजगार

१. कम्पनी : DUST BUSTERS CLEANING SERVICES — शहर: DUBAI
पुर्व स्वीकृत मितिः २०७६/१०/०७ | चलानी नं.: ६०१५०२८२ | L.T. No.: 231458 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 0 | 2 | स. काममा दक्ष | 900 | २८,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SHAWAYA AL MATAR RESTAURANT — शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/०३/३१ | चलानी नं.: ६०१६०१९५ | L.T. No.: 242370 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६४,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 2 | 0 | | 1400 | ४५,३०४ | | | | | | | |
| 3. | Fish Salesman | 2 | 0 | | 1500 | ४८,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं, फोन: ४३८४८३२, ४३८४८३३



## SAUDI मा रोजगार

कम्पनी : PIONEERS OF GLOBAL EXCELLENCE CO. LTD — शहर : AL AHSA
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ | चलानी नं.: ६०१६४१९६ | LT. No.: 246061

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TRUCK DRIVER | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | WHOLE VEHICLE DRIVER | 1 | 0 | | 1800 | ५६,५५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सुहाषा लिंक प्रा.लि.** इजाजत पत्र नं. ३३३/०५९/०६०
सामाखुसी-१४, टोखा काठमाडौं, नेपाल, फोन : ०१-४९८२६६८, ०१४९६२३३८
Email: suhashamanpower.link@gmail.com, Web : www.suhashamanpower.com.np



## कतारमा FINEDING RESTURANT DIVISION को लागि रोजगार

कम्पनी : INTEGRAL FOOD SERVICES WLL — शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७८/०५/१५ | चलानी नं.: ६०१६२१९५ | LT. No.: 244752 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 1900 | ६१,४८४ | | | | | | | |
| 3. | Cooker | 12 | 0 | | 1500 | ४८,५४० | | | | | | | |
| 4. | Assistant Cook | 7 | 0 | | 1300 | ४२,०६८ | | | | | | | |
| 5. | Cashier | 0 | 2 | | 1500 | ४८,५४० | | | | | | | |
| 6. | waiter | 4 | 5 | | 1400 | ४५,३०४ | | | | | | | |
| 7. | Labourer | 63 | 0 | | 1000 | ३२,३६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**नोट: यसै कम्पनीको लागि Commis -I II III (Continental, Italian, Indian Curry, Tandoor), Outlet Supervisor, Restaurant Supervisor, Cdp, Dcdp, Waiter, Waitress, Hostess, Female Cashier, Female Cleaner, Office Girl, Female HK Manager, KItchen Stewards, Tile Mason, Bypsum Board को माग भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
मो: ९८५११८०५५४, ९८५१००२९७६, ९८५१०४०९६०, ९८५१०१७५३४
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MADINA GROUP W.L.L. — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/२८ | चलानी नं.: ६०१६४२०५ | L.T. No.: 245816

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 14 | 0 | | 1000 | ३२,३६० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.** श्रम इजाजत पत्र नं.
बसुन्धारा-०३ काठमाडौं, फोन: ४३६१११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIN DAJAM COMPANY LTD. OWNER, ABDUL WAHHAB HUSSAIN BIN DAJAM AND SONS — शहर: Jeddah
पुर्व स्वीकृत मितिः २०७८/०५/०४ | चलानी नं.: ६०१६१७२४ | L.T. No.: 244134 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ३१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Lulu International Pvt. Ltd.** Govt. Lic. No. 1035/072/073
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184



## कतारमा रोजगार

कम्पनी: EXBLOWRA TRADING & CONTRACTING CO. W.L.L. — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/०६ | चलानी नं.: ६०१५०२१८ | L.T. No.: 231047 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 17 | 0 | स. काममा दक्ष | 1100 | ३५,५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 4 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 3. | Building Worker | 9 | 0 | | 900 | २९,१२४ | | | | | | | |
| 4. | Carpenter | 11 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 5. | Ceramic Worker | 6 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 6. | Decoration Tech | 2 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 7. | Driver | 5 | 0 | | 2200 | ७१,१९२ | | | | | | | |
| 8. | Electrician General | 2 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 9. | Electric | 5 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 10. | Foreman | 3 | 0 | | 2500 | ८०,९०० | | | | | | | |
| 11. | Gypsum Technician | 14 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |
| 12. | General Supervisior | 1 | 0 | | 3000 | ९७,०८० | | | | | | | |
| 13. | Labourer | 34 | 0 | | 900 | २९,१२४ | | | | | | | |
| 14. | Tile Maker | 21 | 0 | | 1100 | ३५,५९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २० गते (6 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mechi International Overseas Pvt. Ltd.** Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Nepal
Tel: +977- 1- 4487000, Fax: +977- 1- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np

# निवर्तमान प्रदेश संसद कुशवाहाको कारण दलित समुदायको कार्यक्रम खल्लो



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १२ असोज

रौतहटको सदरमुकाम गौरमा जनता आवास कार्यक्रम समयमै कार्यान्वयन नभएको र आफूहरुले दुःख पाएको भन्दै दलितहरूले गरेको विरोध प्रदर्शन कार्यक्रम निवर्तमान प्रदेश सांसद कुन्दन कुशवाहाको कारण खल्लो तथा अस्तव्यस्त भएको थियो। दलित संघर्ष समितिले गरेको विरोध प्रदर्शन कार्यक्रम सकिएपछि कोणसभामा कार्यक्रम अस्त व्यस्त बनेको थियो।

सदरमुकाम गौरको सिचाई कार्यालयको मोडमा भएको कोणसभामा निवर्तमान प्रदेश संसद कुन्दन कुशवाहाले आफ्नो मनपरी तथा एकलौटी रुपमा कार्यक्रम संचालन गर्ने मनसायले मुख्य बक्तालाई बोल्न नदिने उद्देश्यले समापनको घोषणा गरेपछि दलित समुदायको कार्यकर्ताहरुले बिरोध समेत गरेका थिए। कार्यक्रममा युवा तथा रौतहट क्षेत्र नं १ (ख) का प्रदेश सभा सदस्य प्रत्यासी उपेन्द्र साहले, जनता आवास अन्तर्गतका घरको उचित व्यवस्था नभएको कारण हजारौका दलित पीडित बन्न पुगेका बताए। जनता आवास अन्तरगत करोडौं रकम प्रदेश सरकार स्थानीय सरकारमा आउने गरेको भएको पनि स्थानीय सरकारले सो रकम वितरण नगरेर रकम फ्रिज बनाएको भन्दै दलितहरुले प्रदर्शन गरेका हुन्। जनता आवास कार्यक्रम अन्तरगत दलित संघर्ष समितिले जिल्ला प्रशासन कार्यालय रौतहट प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र समेत समेत बुझाएको छ।

जनता आवास कार्यालय रौतहटले दलितलाई तीन खण्ड गरी चरणवद्ध रुपले पैसा दिने भने पनि नदिएका कारणले मंगलबार गौरमा हजारौ दलित भेला भएको युवा तथा उपेन्द्र साहले बताए।

रामनाथ माझीको नेतृत्व र युवा नेता उपेन्द्र साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको निवर्तमान प्रदेश सांसद कुन्दन कुशवाहा मौलापुर नगरप्रमुख रिनादेवी लगायत जनप्रतिधिहरुको सहभागिता रहेको थियो।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०६/१३

यस कम्पनीको मिति २०७७/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **[illegible] प्रा.लि. (प्रा.लि. नं. [illegible])** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा लिने दिने कर दायित्व आदी परिवर्तित कम्पनीले लिने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **[illegible] एण्ड ए.डि.आर. लिङ्क प्रा.लि.** कायम गरिएको व्यहोरा सबै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/१३

यस कम्पनीको मिति २०७८/०५/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुरैशी कृषी फार्म प्रा.लि. (प्रा.लि. नं. [illegible])** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा लिने दिने कर दायित्व आदी परिवर्तित कम्पनीले लिने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आजी कृषि फार्म प्रा.लि.** कायम गरिएको व्यहोरा सबै सूचनाद्वारा जानकारी गराईन्छ।

## सामाजिक सद्भाव र एकतालाई प्रवर्द्धन गर्ने पर्व जितिया : प्रम देउवा

**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले तराई क्षेत्रमा मनाइने जितिया पर्व नेपालको एक विशिष्ट पहिचान जनाउने पर्वको रुपमा स्थापित रहेको उल्लेख गरेका छन्।

